# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

२०७९ श्रावण १ गते देखि २०७९ साल असोज मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरु

स्वत: प्रकाशन

रिब्दीकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खस्यौली, पाल्पा

ईमेल: it.ribdikot@gmail.com

२०७९ मंसिर

**विषयसूची**


१.  गाउँपालिकाको परिचय ........................................................................................ १

क) निकायको स्वरुप र प्रकृति........................................................................................ १

ख) गाउँपालिकाको काम, कर्तव्य र अधिकार....................................................................... १

ग) रिब्दीकोट गाउँपालिकाबाट प्रदान हुने सेवा....................................................................... २

घ) रिब्दीकोट गाउँपालिकाका शाखाहरु तथा वडाहरु र जिम्मेवारी अधिकारी ................................... २

ङ) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि............................................................................. ३

च) निर्णय गर्ने प्रकृति र अधिकार...................................................................................... ३

छ) निर्णय उपर उजुरी सुन्ने अधिकारी................................................................................ ३

ज) कार्यालय प्रमुख तथा सूचना अधिकारी............................................................................ ३

झ) ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको विवरण..................................................... ४

ञ) अघिल्लो आ.व. मा कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण........................ ४

ट) निकायको वेवसाइट.................................................................................................. ४

ठ) निकायको इमेल...................................................................................................... ४

ड) रिब्दीकोट गाउँपालिकाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण.............................................................................................. ४

ढ) रिब्दीकोट गाउँपालिको संचालन गरेको कार्यक्रम र सो को प्रगति विवरण.................................... ४

ण) रिब्दीकोट गाउँपालिकाको वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्ने तोकिएको समायवधि............................................................................................... ४

त) रिब्दीकोट गाउँपालिकामा परेको सूचना माग सम्बन्धी सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय........................................................................................................ ४

थ) रिब्दीकोट गाउँपालिकाका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरण.................... ४


**आ.ब २०७९।०८० मा शाखागत रुपमा भए/गरेका कार्यको प्रथम त्रैमासिक प्रतिवेदन**


**प्रशासन शाखा** ................................................................................................ ५

१.  रिब्दीकोट गाउँपालिकाको कर्मचारी स्वीकृत दरबन्दी विवरण तथा पद पूर्तिको अवस्था........................ ५

क) गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय तर्फ ...................................................... ५

ख) स्वास्थ्य संस्थाहरु तर्फ............................................................................................ ६

ग) विभिन्न कार्यक्रम तर्फ.............................................................................................. ६

२.  पञ्जिकरण तर्फ...................................................................................................... ६

३.  न्यायिक कार्य सम्पादन तर्फ....................................................................................... ७

**आर्थिक प्रशासन शाखा**.......................................................................................... ७


रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था. २०७३

प्रमुख प्रशासकीय अधिकृत

शिक्षा युवा तथा खेलकूद शाखा............................................................................७
प्रधानमन्त्री रोजगार कार्यक्रम............................................................................८
प्राविधिक शाखा............................................................................९
पशु विकास शाखा............................................................................१०
कृषि शाखा............................................................................१०
महिला तथा बालबालिका विकास शाखा............................................................................११
सहकारी शाखा............................................................................११
योजना तथा अनुगमन  शाखा............................................................................११
स्वास्थ्य  शाखा............................................................................१२


रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था २०७३

प्रमुख प्रशासकीय अधिकृत

## १. गाउँपालिकाको परिचय:

रिब्दीकोट गाउँपालिका लुम्बिनी प्रदेश अन्तरगत पाल्पा जिल्लामा अवस्थित छ । रिब्दीकोट गाउँपालिकाको कुल जनसंख्या १८,७७० रहेको छ र क्षेत्रफल १२४.५५ वर्ग कि.मी. रहेको छ। रिब्दीकोट गाउँपालिकाको सिमाना पूर्वमा तानसेन नगरपालिका, पश्चिममा रैनादेवी छहरा गाउँपालिका, उत्तरमा तानसेन नगरपालिका र गुल्मी जिल्ला तथा दक्षिणमा तिनाउ गाउँपालिका रहेका छन्।

औसत पारिवारिक आम्दानीमा कृषि व्यवसायको ठूलो हिस्सा रहेको छ र स्थानिय बासिन्दाको आम्दानीको मुख्य स्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो। विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस गाउँपालिकामा विभीन्न चाडपर्व तथा जात्रा मनाउने गरिन्छ । तिज, दशै, तिहार, माघेसक्रान्ति, कृष्णजन्माष्टमी, बुद्धजयन्ती आदि यहाँका चाडपर्व आफ्नो धर्मअनुसार मनाउने गरेको पाईन्छ। साथै यहाँको सराय नाच, फागु नाच, लाखे नाच,झ्याउरे, देउसी भैलो र ठुलो नाच आदिले गर्दा सास्कृतिक रुपमा समृद्ध समाज निर्माणमा उल्लेख्य योगदान पुर्याएको मान्न सकिन्छ।

### क) निकायको स्वरुप र प्रकृति:

नेपाली जनताको पटक पटकको ऐतिहासिक जन आन्दोलन, संघर्ष, वीर सहिदहरुको बलिदान र अथक प्रयासबाट २०७२ असोज ३ गते संविधान संभाबाट जारी नेपालको संविधानको धारा ५६ बमोजिम स्थापित रिब्दीकोट गाउँपालिका, पाल्पा ७५३ वटा स्थानीय तह मध्येको एउटा स्थानीय तह हो। यसले कार्यपालिकीय, विधायिकी र न्यायिक कार्य गर्दछ। जसले कार्यपालिका मार्फत स्थानीय सरकारको हैसियतमा कार्यपालिकीय, गाउँसभा मार्फत विधायिकीय र न्यायिक समिति मार्फत न्यायिक कार्य सम्पादन गर्दछ।

### ख) गाउँपालिकाको काम, कर्तव्य र अधिकार:

नेपालको संविधान धारा ५७ बमोजिम अनुसूची ८ र ९ अन्तर्गतका अधिकारहरु, स्थानीय सरकार संचालन ऐन, २०७४ लगायत प्रचलित ऐन, नियमको अधिनमा रही रिब्दीकोट गाउँपालिका, पाल्पाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ।

- नेपालको संविधानको धारा ५७ बमोजिम अनुसूची ८ र ९ अन्तर्गतका अधिकारहरु,
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ अन्तर्गतका विषयमा न्यायिक समिति मार्फत न्यायिक निरुपण गर्ने।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिमका कार्यहरु (गाउँ प्रहरी, सहकारी संस्था, एफ एम संचालन, स्थानीय कर, सेवा शुल्क तथा दस्तुर, स्थानीय सेवा व्यवस्थापन, स्थानीय तथ्यांक र अभिलेख संकलन, स्थानीय स्तरका विकास आयोजना तथा परियोजना, आधारभूत र माध्यमिक शिक्षा,

रिब्दीकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खस्यौली, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३



प्रमुख प्रशासकीय अधिकृत

- नेपालको संविधानको धारा ५७ बमोजिम अनुसूची ८ र ९ अन्तर्गतका अधिकारहरु,
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ अन्तर्गतका विषयमा न्यायिक समिति मार्फत न्यायिक निरुपण गर्ने ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिमका कार्यहरु (गाउँ प्रहरी, सहकारी संस्था, एफ एम संचालन, स्थानीय कर, सेवा शुल्क तथा दस्तुर, स्थानीय सेवा व्यवस्थापन, स्थानीय तथ्यांक र अभिलेख संकलन, स्थानीय स्तरका विकास आयोजना तथा परियोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य तथा सरसफाई, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिचाई, गाउँ सभा, मेलमिलाप तथा मध्यस्थताको व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, खानेपानी, विपद् व्यवस्थापन, भाषा, संस्कृतिको संरक्षण तथा विकास लगायत गर्ने ।
- समग्रमा संविधान र ऐन, नियमको अधिनमा रही कार्यपालिकीय, व्यवस्थापकीय र न्यायिक कार्यहरु सम्पादन गर्ने ।

**ग) रिब्दीकोट गाउँपालिकाबाट प्रदान हुने सेवा :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ बमोजिमका विवादको न्यायिक निरुपण, दैनिक स्थानीय सेवा प्रवाह तथा व्यवस्थापन, सहकारी संस्था, स्थानीय तथ्यांक र अभिलेख संकलन, स्थानीय स्तरका विकास आयोजना तथा परियोजना , आधारभूत स्वास्थ्य र सरसफाई, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, कृषि सडक र सिचाई, गाउँसभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी खानेपानी, विपद् व्यवस्थापन, भाषा, संस्कृतिको संरक्षण तथा विकास आदि सेवाहरुको व्यवस्थापन तथा संचालन गर्ने ।

**घ) रिब्दीकोट गाउँपालिकाका शाखाहरु तथा वडाहरु र जिम्मेवारी अधिकारी :**

| | | |
|---|---|---|
| शिक्षा शाखा | : | अधिकृत आठौं मणि प्रसाद खनाल |
| आर्थिक प्रशासन शाखा | : | अधिकृत सातौ. मन्जु पन्थी |
| प्रशासन शाखा | : | अधिकृत छैठौं रुकलाल भट्टराई |
| योजना तथा जिन्सी शाखा | : | अधिकृत छैठौ काशीनाथ आचार्य |
| स्वास्थ्य शाखा | : | जनस्वास्थ्य निरीक्षक सुनिल अधिकारी |
| सूचना प्रविधि शाखा | : | सूचना प्रविधि अधिकृत |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | : | रोजगार संयोजक दुर्गा पछाई |

रिब्दीकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय छस्यौली, पाल्पा लुम्बिनी प्रदेश, नेपाल

प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| सामाजिक सुरक्षा/पञ्जीकरण/महिला तथा बालबालिका शाखा | : | एम.आइ.एस अपरेटर सिर्जना नेपाल |
| राजश्व शाखा | : | सहायक पाँचौ चन्द्रकान्त ज्ञवाली |
| पशु शाखा | : | सहायक पाँचौ गीता नेपाली |
| आ.ले.प शाखा | : | प्रबिन खड्का |
| कृषि शाखा | : | सहायक चौथो रञ्जिव कुँवर |
| सहकारी शाखा | : | सहायक चौथो उमा खनाल |
| वडा नं. १ सचिव | : | हरि कुमारी आचार्य |
| वडा नं. २ सचिव | : | हुम बहादुर बरौले |
| वडा नं. ३ सचिव | : | राम प्रसाद नेपाल |
| वडा नं. ४ सचिव | : | हिमा खड्का |
| वडा नं. ५ सचिव | : | गणेश प्रसाद आचार्य |
| वडा नं. ६ सचिव | : | विष्णु बहादुर थापा |
| वडा नं. ७ सचिव | : | कमल प्रसाद ज्ञवाली |
| वडा नं. ८ सचिव | : | तिल बहादुर थापा |

**ङ) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:** सेवाको प्रकृति अनुसार

**च) निर्णय गर्ने प्रकृति र अधिकार :** नेपालको संविधान, स्थानीय सरकास संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६४ तथा नियमावली २०६५, संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, पाल्पाबाट भएका तथा हुने परिपत्र बमोजिमका कार्यहरु।

**छ) निर्णय उपर उजुरी सुन्ने अधिकारी:** प्रमुख प्रशासकीय अधिकृत, न्यायिक समितिको संयोजक सम्बन्धित वडाका वडाध्यक्ष, गाउँपालिका अध्यक्ष

**ज) कार्यालय प्रमुख तथा सूचना अधिकारी :**

- कार्यालय प्रमुख : प्रमुख प्रशासकीय अधिकृत पबन अर्याल
- सूचना अधिकारी : मञ्जु पन्थी

रिब्दीकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खस्यौली, पाल्पा लुम्बिनी, प्रदेश, नेपाल स्था २०७३

प्रमुख प्रशासकीय अधिकृत

**झ) ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको विवरण:**

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- आर्थिक कार्यविधि नियमावली, २०६४ तथा नियमावली, २०६५
- भ्रमण खर्च नियमावली, २०६४
- सार्वजनिक खरिद ऐन, २०६४ र नियमावली, २०६५
- रिब्दीकोट गाउँपालिकाबाट निर्माण भएका ऐन, नियमहरु
- सङ्घीय सरकार, प्रदेश सरकारबाट विभिन्न मितिमा जारी भएका ऐन, नियम तथा निर्देशिकाहरु ।

**ञ) अघिल्लो आ.व. मा कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण :** वार्षिक बजेट बमोजिमका कार्यक्रम अन्तर्गत कृषि, पशु, शिक्षा, स्वास्थ्य, लक्षित कार्यक्रमहरु खेलकूद र आयोजना तर्फ सडक, खानेपानी, सिचाई आदि संचालन भएको ।

**ट) निकायको वेवसाइट**: www.ribdikotmun.gov.np

**ठ) निकायको इमेल**: info@ribdikotmun.gov.np, ito.ribdikot@gmail.com

**ड) रिब्दीकोट गाउँपालिकाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :** छैन

**ढ) रिब्दीकोट गाउँपालिको संचालन गरेको कार्यक्रम र सो को प्रगति विवरण :** वार्षिक बजेट बमोजिम प्रतिशत योजना तथा कार्यक्रमहरुको कार्यान्वयन भएको, पूँजिगत खर्च यस आर्थिक वर्षको पहिलो त्रैमासिकमा २.४६ प्रतिशत खर्च भएको छ ।

**ण) रिब्दीकोट गाउँपालिकाको वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्ने तोकिएको समायवधि**: छैन ।

**त) रिब्दीकोट गाउँपालिकामा परेको सूचना माग सम्बन्धी सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय :** छैन ।

**थ) रिब्दीकोट गाउँपालिकाका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरण** :

- नागरिक बडापत्र
- कार्यालयको सूचना पाटी
- एफ.एम.रेडियो र पत्र-पत्रिका
- कार्यालयको वेवसाइट र फेसबुक पेज

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था २०७३



प्रमुख प्रशासकीय अधिकृत

- वार्षिक कार्ययोजना तर्जुमा
- स्थानीय राजपत्र

**आ.ब २०७९।०८० मा शाखागत रुपमा भए/गरेका कार्यको प्रथम त्रैमासिक प्रतिवेदन ।**

## प्रशासन शाखा

१. रिब्दीकोट गाउँपालिकाको कर्मचारी स्वीकृत दरबन्दी विवरण तथा पद पूर्तिको अवस्था:

क) गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय तर्फ :

| क्र.सं. | पदको नाम | तह | सेवा/समूह/उपसमूह | जम्मा स्वीकृत स्थायी दरबन्दी | पदपूर्ति भएको स्थायी कर्मचारी | करार पूर्ति | जम्मा पूर्ति | खुद रिक्त |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्र.प्र.अधिकृत | रा.प.तृतीय | प्रशासन | १ | १ | ० | १ | ० |
| २ | अधिकृत | ७/८ औं | शिक्षा, शिक्षा प्रशासन | १ | १ | ० | १ | ० |
| ३ | अधिकृत | ७/८ औं | प्रशासन, लेखा | १ | १ | ० | १ | ० |
| ४ | अधिकृत | ७/८ औं | कृषि | १ | ० | ० | ० | १ |
| ५ | अधिकृत | ७/८ औं | कृषि, भेटेरिनरी | १ | ० | ० | ० | १ |
| ६ | अधिकृत | ६ औं | प्रशासन, सा.प्र. | २ | २ | ० | २ | ० |
| ७ | ईन्जिनियर | ६ औं | इन्जिनियरिङ्ग, सिभिल | १ | ० | ० | ० | १ |
| ८ | ज.स्वा.नि. | ६ औं | स्वास्थ्य, हे.ई. | १ | १ | ० | १ | ० |
| ९ | सि.अ.न.मि. निरीक्षक | ६ औं | स्वास्थ्य, क.न. | १ | १ | ० | १ | ० |
| १० | आ.ले.प. | ५ औं | प्रशासन, लेखा | १ | १ | ० | १ | ० |
| ११ | सहायक | ५ औं | प्रशासन, सा.प्र. | ७ | ६ | ० | ६ | १ |
| १२ | कम्प्युटर अपरेटर | ५ औं | विविध | १ | १ | ० | १ | ० |
| १३ | लेखा सहायक | ५ औं | प्रशासन, लेखा | १ | १ | ० | १ | ० |
| १४ | प्रा.स. | ५ औं | शिक्षा, शिक्षा प्रशासन | १ | १ | ० | १ | ० |
| १५ | सब-इन्जिनियर | ५ औं | इन्जिनियरिङ्ग, सिभिल | ४ | १ | १ | २ | २ |
| १६ | सहायक | ५ औं | कृषि | २ | ० | ० | ० | २ |
| १७ | पशु स्वास्थ्य प्राविधिक | ५ औं | कृषि, भेटेरिनरी | १ | १ | ० | १ | ० |
| १८ | पशु सेवा प्राविधिक | ५ औं | कृषि, ला.पो.ड.डे. | १ | ० | ० | ० | १ |
| १९ | अ.सब.इन्जिनियर | ४ औं | इन्जिनियरिङ्ग, सिभिल | ६ | १ | ३ | ४ | २ |
| २० | खा.पा.स.टे. | ४/५ औं | इन्जिनियरिङ्ग, सिभिल, सेनिटिरि | १ | १ | ० | १ | ० |
| २१ | स.म.वि.नि. | ४ औं | विविध | १ | ० | ० | ० | १ |
| २२ | सहायक | ४ औं | कृषि | १ | ० | १ | १ | ० |
| २३ | ना.प.स्वा.प्रा. | ४ औं | कृषि, भेटेरिनरी | १ | ० | १ | १ | ० |
| २४ | ना.प.से.प्रा. | ४ औं | कृषि, ला.पो.ड.डे. | १ | ० | १ | १ | ० |
| २५ | सहायक | ४ औं | प्रशासन, सा.प्र. | ५ | २ | १ | २ | ३ |
| | **जम्मा** | | | ४५ | २३ | ८ | ३० | १५ |

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था २०७३

प्रमुख प्रशासकीय अधिकृत

ख) स्वास्थ्य संस्थाहरु तर्फ:

| क्र.सं. | पदको नाम | तह | सेवा/समूह/उपसमूह | जम्मा स्वीकृत स्थायी दरबन्दी | प्रदपूर्ति भएको स्थायी कर्मचारी | करार पूर्ति | जम्मा पूर्ति | खुद रिक्त |
|---|---|---|---|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | ८ औं | स्वास्थ्य | १ | १ | ० | १ | ० |
| २ | हेल्थ असिष्टेन्ट | ५ औं | स्वास्थ्य हे.ई. | ८ | ० | १ | ८ | ० |
| ३ | स्टाफ नर्स | ५ औं | स्वास्थ्य क.न. | १ | ० | १ | १ | ० |
| ४ | कविराज | ४ औं | स्वास्थ्य आयुर्वेद | १ | १ | ० | १ | ० |
| ५ | अ.हे.व. | ४ औं | स्वास्थ्य हे.ई. | १७ | ६ | ११ | १७ | ० |
| ६ | अ.न.मि. | ४ औं | स्वास्थ्य क.न. | १७ | १६ | १ | १७ | ० |
| ७ | ल्याव असिष्टेन्ट | ४ औं | स्वास्थ्य ज.मे.ल्या.टे. | १ | १ | ० | १ | ० |
| ८ | वैद्य | ४ औं | स्वास्थ्य आयुर्वेद | १ | ० | १ | १ | ० |

ग) विभिन्न कार्यक्रम तर्फ:

| क्र.सं. | पद | दरबन्दी | करार पूर्ति | रिक्त |
|---|---|---|---|---|
| १ | सूचना प्रविधि अधिकृत | १ | ० | १ |
| २ | रोजगार संयोजक | १ | १ | ० |
| ३ | प्राविधिक सहायक | १ | १ | ० |
| ४ | रोजगार सहायक | १ | १ | ० |
| ५ | एम.आइ.एस. अपरेटर | १ | १ | ० |
| ६ | फिल्ड सहायक | १ | १ | ० |
| ७ | उद्यम विकास सहजकर्ता | २ | २ | ० |

२) पञ्जिकरण तर्फ:

क) सामाजिक सुरक्षा तर्फ:

लाभग्राही नविकरण : २५९७ जना

नयाँ दर्ता : २३५ जना

लगत कट्टा : १९ जना

जम्मा कायम संख्या : २८१३जना

पहिलो त्रैमासिकमा जम्मा २८१३ जना सामाजिक सुरक्षा भत्ता लाभग्राहीलाई रु.२,६१,१९,९२०/- भत्ता रकम निकासा गरि खातामा जम्मा गरिएको र १८४ जना लाभग्राहीहरुको नविकरण प्रकृयामा रहेको।

ख)मृगौला प्रत्यारोपण, डायलाईसिस, क्यान्सर र मेरुदण्ड पक्षघातका दिर्घरोगीहरुलाई औषधि उपचार बापत मासिक रु. ५०००/- दिने सरकारको निति कार्यान्वयन गरी पहिलो त्रैमासिकमा निवेदन प्राप्त भई स्वीकृत भएका ३० जना मध्य १८ जनालाई रु. १,८०,०००/- बैंक खातामा जम्मा गरिदिइएको र १२ जनालाई रु. १,२०,०००/- पठाउने क्रममा रहेको।

प्रमुख प्रशासकीय अधिकृत

ख) घटनादर्ता तर्फ:

| जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सराई | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | आएको दर्ता संख्या | जाने दर्ता संख्या | |
| ७७ | ७५ | १५२ | २९ | २७ | ५६ | ४ | ५७ | ३ | ३६ | ३०८ |
| ७७ | ७५ | १५२ | २९ | २७ | ५६ | ४ | ५७ | ३ | ३६ | ३०८ |

३) न्यायिक कार्य सम्पादन तर्फ:

गत आ.व. बाट चालु आ.व. २०७९/८० मा जिम्मेवारी सारिएका ४ वटा मुद्दा र चालु आ.व.मा दर्ता भएका ५ वटा मुद्दा गरी ज्ममा ९ वटा मुद्दा मध्ये ३ वटा मुद्दा मेलमिलापको माध्यमबाट किनारा लगाइएको र बाँकी ६ वटा मुद्दा प्रकृयामा रहेका छन् ।

## आर्थिक प्रशासन शाखा

| विनियोजित रकम रु. | | खर्च भएको रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु तर्फ | ३५,५२,०६,९२१।२८ | ९१८५०८३४।८० | २५.८५% |
| पूँजीगत तर्फ | १९,७९,८६,४०० | ४८,८४,६२१।६४ | २.४६% |

❖ राजश्व सम्बन्धी प्रतिवेदन यस आ.व. को पहिलो त्रैमासिक समयावधिमा रु.१३,७७,९९०।१० संकलन भएको छ ।

## शिक्षा युवा तथा खेलकूद शाखा

- ५६ औ अन्तराष्ट्रिय साक्षरता दिवस तथा ४४ औ राष्ट्रिय शिक्षा दिवस कार्यक्रम मिति२०७९/०५/२३ गते सम्पन्न ।
- ५६ औ अन्तराष्ट्रिय साक्षरता दिवस तथा ४४ औ राष्ट्रिय शिक्षा दिवस कार्यक्रम का अवसरमा माध्यमिक तह (९—१२) स्तरिय बक्तृत्वकला प्रतियोगिता कार्यक्रम सम्पन्न भएको थियो जसमा १२ विद्यालयका विद्यार्थीहरु सहभागी भएकोमा श्री नारायण मा.वि कि छात्रा निशा वि.क प्रथम, श्री आदर्श मा.वि देउराली कि छात्रा प्रकृति अधिकारी द्धितिय, श्री शारदा मा.वि कि छात्रा रुपा पाण्डे तृतिय र श्री कालिका मा.वि कि छात्रा अस्मिता खड्का सान्त्वना भएका थिए ।

गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था. २०७३

प्रमुख प्रशासकीय अधिकृत

- शैक्षिक सत्र २०७८ को माध्यमिक शिक्षा परिक्षा SEE मा उच्च ग्रेड प्राप्त गर्ने विद्यार्थीहरुलाई सम्मान कार्यक्रम सम्पन्न ।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि कार्यक्रम छनौट गरि पठाइएकोमा कायक्रम छनौट भई आएको ।
- मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तरगत रु. ६००००००। (अक्षरुपी साठी लाख मात्र) बाट कार्यक्रम छनौट गरी स्विकृतको लागी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन तथा समन्वय इकाई राप्ती उपत्यका देउखुरी दाङमा पठाइएको ।

## प्रधानमन्त्री रोजगार कार्यक्रम

- वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको ।
- स्थानीय निर्देशक समिति गठन कार्य सम्पन्न भएको ।
- प्रत्येक वडामा २।२ वटा श्रममुलक आयोजना छनौट कार्य सम्पन्न भएको ।
- वडागत रुपमा ११६ जना सूचीकृत बेरोजगारी व्यक्ति मध्ये प्राथमिकताको आधारमा आयोजनामा खटाउने कार्य सम्पन्न भएको ।
- ४ वटा वडामा ८ वटा उपभोक्ता समिति गठन कार्य सम्पन्न भएको ।

प्रमुख प्रशासकीय अधिकृत

# प्राविधिक शाखा

| पहिलो त्रैमशिकमा प्राबिधिक शाखाद्वारा भएका कार्य | | |
|---|---|---|
| तपसिल बमोजिमकका योजना सम्पन्न गर्न ठेक्का आव्हान भएको | | बजेट |
| १ | हटिया भारकोट डुम्रे मो.बा. स्तरोन्नती | ११६०००००० |
| २ | देउराली शान्तिचौर ख्याहा नोगिथुम मोटर बाटो प्रदेश समपुरक म्याचिंग | ११८०००००० |
| ३ | गा.पा. भौतिक पुर्वाधार सुधार | १०००००० |
| ४ | Fabrication of steel parts | १४५०००० |
| ५ | Harthok Batase sadak marmat | ६००००० |

## गाउँपालिका योजना

| वडा नं | लागत अनुमान तयार भएका | मुल्यांकन भएका | प्रतिशत (लागत अनुमान तयार) | कुल योजना |
|---|---|---|---|---|
| १ | ० | ० | ० | २१ |
| २ | ७ | १ | ३०.४ | २३ |
| ३ | १७ | १ | ८१.० | २१ |
| ४ | १४ | ० | ५८.३ | २४ |
| ५ | २ | २ | ८.७ | २३ |
| ६ | १३ | २ | ७६.५ | १७ |
| ७ | २५ | १ | ७५.८ | ३३ |
| ८ | ९ | ० | २६.५ | ३४ |

प्रमुख प्रशासकीय अधिकृत

## पशु विकास शाखा

| सि.नं. | पशु विवरण | संख्या |
|---|---|---|
| १ | भैसी | १ |
| २ | गाईभैसी | – |
| ३ | बाखा | २ |
| ४ | वंगुर | २ |
| ५ | कुखुरा | - |
| ६ | एकिकृत कृषि तथा पशुपंक्षी फार्म | १ |
| ७ | मृत्यु प्रमाणित | १६ |
| ८ | प्रदेश कार्यक्रम सिफारिस | ४८ |

| क्र.सं. | विवरण | गाईभैसी | बाखा | वंगुर | कुखुरा | जम्मा | महिला | पुरुस | दलित्त | जनं | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मेडिकउपचार | ४०४ | ५१२ | १४४ | २२६ | १२८६ | ३०८ | २७८ | ७८ | २६५ | २४३ | १२८६ |
| २. | माइनर सर्जिकल सेवा | १० | ८३ | ४५ | - | १४१ | ७९ | ६२ | १८ | ४९ | ७४ | ५४१ |
| ३ | गाईनोल्कोजिकल उपचार | ३०१ | | | - | ३०१ | १८९ | १२२ | ५१ | ९९ | १५१ | ३४० |
| ४ | गोवर परिक्षण सेवा | ६१ | १७ | - | - | ७८ | ४८ | ३१ | १२ | ३८ | २९ | ७२ |
| ५ | पिसाव परिक्षण सेवा | ८ | १० | - | - | १८ | १२ | ६ | १ | ६ | १० | १६ |
| ६ | कृत्तिम गर्भाधान सेवा | १८ | - | - | - | १८ | १० | ८ | ६ | ४ | ७ | १८ |

## कृषि शाखा

- उन्नत बिउमा प्रोत्साहन अनुदान कार्यक्रमबाट २५२० के.जी. भृकुटी गहुँ सबै वडाहरुका कृषकको माग बमोजिम ५०% अनुदानमा वितरण कार्य सम्पन्न।
- एकिकृत कृषि विकास कार्यक्रमबाट "एक घर एक करेसाबारी " रिब्दीकोट गाउँपालिकाभरी ४६४७ घरधुरीलाई नि:शुल्क रुपमा (मूला, साग,धनियाँ, केराउ, बन्दा, प्याज) बिउ वितरण कार्य सम्पन्न।
- एक वडा एक नमुना उत्पादनबाट सबै वडाका कृषकहरुको माग बमोजिम ५०% अनुदानमा ७० टन आलु बिउ वितरण कार्य समपन्न।
- सबै वडाका कृषकहरुलाई ५०% अनुदानमा २८ टन उन्नत तोरी बिउ वितरण कार्य सम्पन्न।

प्रमुख प्रशासकीय अधिकृत

## महिला तथा बालबालिका विकास शाखा

- ७ वटा वडाहरुमा महिला समन्वय समितिको पुर्नगठन गरिएको र वडा नं. १ को महिला समन्वय समिति र गाउँपालिका स्तरीय महिला समन्वय समिति गठन प्रकृयामा रहेको।
- वडा स्तरमा बाल क्लब गठन गर्नका लागि शिक्षा समिति मार्फत वडामा सिफारिस गरिएको।
- गाउँपालिका स्तरीय एकल महिला सञ्जालको विभिन्न समयमा बैठक बसी कोषमा रहेको रकम लगानी गर्नुका साथै अन्य आवश्यक निर्णय गरिएको।
- संस्कृतीको जगेर्ना गर्ने उद्देश्यले हरितालिका तिजको अवसरमा ८ वटै वडाहरुमा तिज गित प्रतियोगिताको आयोजना गरी सञ्चालन गरिएको।
- ९८ जना ग वर्ग अपाङ्गता (पहेलो कार्ड प्राप्त) लाभग्राहीहरुको नविकरण गरि पहिलो त्रैमासिकमा भत्ता बापतको रकम रु.२,३३,६००/- निकासा गरि खातामा जम्मा गरिएको।

## सहकारी शाखा

- COPOMIS आवद्धताका लागि गाउँपालिका भित्रका सम्पुर्ण सहकारी संस्थाहरुलाई पत्राचार गरी सञ्चालनमा रहेका ३२ वटा सहकारी मध्य १० वटा सहकारीलाई आवद्धता गराईएको र बाँकी २२ वटा सहकारी आवद्धताको प्रकृयामा रहेका।
- सकृय र निष्कृय सहकारीको बारेमा जानकारी राखी सहकारी संस्थाहरुलाई नियमन र व्यबस्थापन गर्नका लागी आवश्यक विवरणहरु संकलन गरिएको।
- जनप्रिय स्वाबलम्वन बचत तथा ऋण सहकारी संस्थाको विनियम पुर्नलेखन भएको र दिदिबहिनी महिला कृषक बहुउद्देश्यिय सहकारी संस्थाको विनियम पुर्नलेखनको प्रकृयामा रहेको।

## योजना तथा अनुगमन शाखा

- उपभोक्ता समिति अन्तर्गतः २१ वटा योजना सम्झौता।
- ५ वटा ठेक्का आव्हान भएका मध्ये १ को सम्झौता २ को आशय पत्र जारी २ मूल्याङकनको चरणमा।
- ७० प्रतिशत उपभोक्ता समिति गठन।
- कार्यालयको लागि आबश्यक सामाग्री खरिदका लागि दरभाउपत्रको आशय पत्र जारी।

गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था २०७३

प्रमुख प्रशासकीय अधिकृत

## स्वास्थ्य शाखा

- विश्व महामारी रोग कोभिड १९ विरुद्धको खोप १२ बर्ष माथिका १२८९ जनालाई बुस्टर  मात्रा खोप लगाई सुरक्षित गरिएको ।
- स्वास्थ्य संस्थाहरुको आ.व.२०७८/२०७९ को बार्षिक समिक्षा सम्पन्न गरिएको ।
- ६ महिना देखि ५ बर्ष सम्मका सम्पुर्ण बालबालिकाहरुलाई भिटामिन A र जुकाको औषधी साबिकका प्रत्येक वडामा स्वयंसेविका मार्फत खुवाई  राष्ट्रिय कार्यक्रम समपन्न गरिएको ,
- स्तनपान सप्ताह, परिवार नियोजन दिवस सबै स्वास्थ्य संस्थाहरुमा मनाई सम्पन्न गरिएको ।
- आत्महत्या रोगथामको लागि सचेतना कार्यक्रम संचालन गरिएको ।
- महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई मानसिक स्वास्थ्य कार्यक्रमको अभिमुखिकरण गरिएको ।
- सबै विध्यालयहरुमा किशोरीहरुको लागि आईरन चक्की वितरण गरिएको ।
- खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रमा विशेषज्ञ स्वास्थ्य शिविर ४ वटा संचालन गरि पुरुष ८९ र महिला २९८ गरि जम्मा ३८७ जनालाई विशेषज्ञ स्वास्थ्य सेवा दिइएको ।
- ५३ जना महिलाहरुलाई सुरक्षित गर्भपतन सेवा प्रदान गरिएको ।
- १७ जनालाई सुरक्षित प्रसुती सेवा प्रदान गरिएको ।
- अनलाईन रिपोटिङ रेकर्डिङ समयमै शत प्रतिशत गरिएको ।
- खस्यौली प्राथमिक स्वास्थ्य केन्द्र बाट पोषण उपचारको लागि OTC स्थापना गरिएको ।
- दीर्घ रोगीलाई पोषण तथा यातायात सुविधा कार्यक्रम अन्तरगत हाल सम्म २७ जनालाई रु.६०००।- का दरले आर्थिक सहयोग गरिएको ।
- विपन्न नागरिक औषधी उपचार कोषको लागि ६जनालाई रु. १,००,००० को लागि सिफारिस गरिएको ।
- प्रदेश सरकारबाट क्यान्सर, मुटु र मृगौला रोगीहरुको लागि ९जनालाई रु. २,००,००० को सिफारिस गरिएको ।
- सबै स्वास्थ्य संस्थाहरुमा करिब ३ महिनालाई पुग्ने औषधी मौज्दातको व्यवस्था गरिएको ।
- रिब्दीकोट ४ मा थप  १ ठाँउबाट दैनिक स्वास्थ्य सेवादिन शुरु गरिएको ।

प्रमुख प्रशासकीय अधिकृत